

# विवाह

**विवाह भनेको :**

कुनै पुरुष र महिला बीच दाम्पत्य तथा पारिवारिक जीवन प्रारम्भ गर्नको लागि कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक-अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिन्छ ।

विवाह जुनसुकै किसिमबाट भएको भए तापनि त्यस्तो विवाह सार्वजनिक गर्नु वा गराउनु पर्नेछ । पति र पत्नी दुवैले वा कुनै एक जनाले पनि स्थानिय वडा कार्यालयमा रहेका पंजिकाधिकारी विवाह दर्ता गराउन निवेदन दिन सक्नेछ ।

**मन्जुरी विना विवाह गराएमा:**

विवाह गर्ने व्यक्तिहरुको मन्जुरीबिना विवाह गर्न गराउन हुँदैन । विवाह गर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मन्जुरीलाई मन्जुरी मानिने छैन । यसरी मन्जुरीबिना गराईएको विवाह बदर हुन्छ ।

**सजायँ:** मन्जुरीबिना विवाहको कसूर गर्ने गराउने व्यक्तिलाई २ बर्षसम्म कैद र २० हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

**स्वत: वदर हुने विवाह**

क) पुरुष वा महिलाको मञ्जुरी नभई भएको विवाह,

ख) हाडनाता करणीमा सजायँ हुने नाताका व्यक्तिहरू बीच भएको विवाह ।

तर, आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा विवाह गर्न हुन्छ ।

**वदर गराउन सकिन विवाह**

क) विवाह गर्ने उमेर पूरा नभएमा,

ख) झुक्याई विवाह गरे वा गराएमा,

तर, विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।

**वैवाहिक सम्बन्ध अन्त्य भएको मानिने अवस्था**

क) विवाह बदर भएमा,

ख) कानून बमोजिम पति पत्नीको सम्बन्ध बिच्छेद भएमा,

ग) पत्नीले कानून बमोजिम सम्बन्ध बिच्छेद नहुँदै अर्को विवाह गरेमा ।

# बालविवाह

**बाल विवाह भनेको :**

२० बर्षभन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ ।

**उजुरी गर्ने निकाय**

बालविवाहको उजुरी प्रहरी कार्यालयमा दिनुपर्छ ।

**हदम्याद**

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ ।

**सजायँ**

बालविवाह गर्ने गराउने कसूर गर्ने व्यक्तिलाई तीन बर्षसम्म कैद र तीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।

- विवाहको परिणाम स्वरूप कुनै महिला गर्भवती भएमा वा निजबाट शिशु जन्मिएमा निजको मञ्जुरी भएमा मात्र विवाह बदर हुन सक्नेछ ।
- २० बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेछ भने त्यस्तो सन्तानले बाबु-आमाबाट अंश पाउनेछन् ।

# झुक्याई गरिने विवाह

**झुक्याई गरिने विवाह**

विवाह गर्दा केटा र केटीबीच वास्तविक कुराको जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छन् भने त्यसलाई झुक्याई गरिने विवाह भनिन्छ ।

व्यक्तिसंग झुक्याई विवाह गरेमा विवाह बदर गराउन सकिने अवस्थाहरु

क) शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जीवाणु (एच.आई.भी) वा हेपाटाइटिस बी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको,

ख) यौनाङ्ग नभएको, नपुङ्सक भएको वा सन्तान उत्पादन गर्ने क्षमता नभएको प्रमाणित भैसकेको,

ग) पूर्ण रूपमा बोल्न वा सुन्न नसक्ने, पूर्ण रूपमा दृष्टिविहीन वा कुष्ठरोगी भएको,

घ) होश ठेगानमा नरहेको,

ङ) विवाह भैसकेको,

च) गर्भवती भएको,

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरी अदालतबाट सजायँ पाएको ।

झुक्याई विवाह गराएमा: झुक्याई विवाह गरेको कारणबाट मर्का पर्ने व्यक्तिले त्यस्तो विवाह बदर गराउन र झुक्याई विवाह गर्ने वा गराउनेबाट मनासिव क्षतिपूर्ति दाबी गर्न सक्नेछ ।

**उजुरी गर्ने निकाय**

झुक्याई गरिएको विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

**हदम्याद**

झुक्याई गरिएको विवाह बदरको लागि विवाह गरेको मितिले ३ महिनाभित्र उजुरी गर्नुपर्छ ।

# बहुविवाह

**बहुविवाह भनेको:** विवाहित पुरूषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न हुँदैन । विवाहित पुरुषले श्रीमती हुँदा-हुँदै अर्की श्रीमती ल्याएमा वा राखेमा यसलाई बहुविवाह भनिन्छ ।

**बहुविवाह गरेमा हुने सजायँ**

बहुविवाह गर्ने वा गराउने व्यक्तिलाई १ बर्षदेखि ५ बर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रूपैयाँसम्म जरिवाना हुनेछ । (तर यो ऐन लागू हुनुअघि तत्काल प्रचलित कानून बमोजिम भएको विवाहको हकमा कुनै कुराले असर गरेको मानिने छैन । )

**कानूनी रूपले पून: विवाह गर्न पाउने अवस्थामा**

क) पति-पत्नीबीच सम्बन्ध बिच्छेदगरी वैवाहिक सम्बन्ध अन्त्य भएमा,

ख) पति वा पत्नीको मृत्यु भएमा,

ग) पति वा पत्नीले कानून बमोजिम अंशबण्डा गरी भिन्न भएमा ।



**श्रीमतीले अर्को विवाह गरी पहिलो श्रीमान्को धनमाल लिएर गएमा :** कसैले अर्काको श्रीमतीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले अर्को विवाह गरेर जाँदा आफुले लगाएको वा प्रयोग गर्ने गरेको लत्ता कपडा वा आफ्नो दाइजो, पेवा वा निजी आर्जन बाहेक पहिलो लोग्नेको धनमाल समेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउँछ ।

**बहुविवाहको अपराधमा उजुरी:** यस्तो अपराधमा पीडित श्रीमती आफैंले, छरछिमेक आफन्त जोसुकैले पनि नजिकको प्रहरी चौकीमा थाहा पाएको मितिले ३ महिनासम्मम उजुरी दिन सक्दछन् ।

**बहुविवाह गरेमा :** बहु विवाह स्वत: बदर हुनेछ । दोस्रो श्रीमतीले श्रीमान्को सम्पत्तिबाट अंश पाउन सक्दिनन् ।

**बहुविवाहको परिणाम स्वरूप बच्चा जन्मिएमा**

बहुविवाह स्वत: वदर भए पनि त्यस्तो विवाहबाट जन्मिएको शिशुको कानून बमोजिमको हकमा कुनै असर पर्ने छैन । उसले आमाबाबुबाट अंश प्राप्त गर्नेछ भने जन्मदर्ता तथा नागरिकताको हक समेत सुरक्षित हुनेछ ।

# हाडनाता विवाह

हाडनातामा हुने विवाह भनेको :आफ्नो जातिय समुदाय वा कुलमा चलिआएको चलन अनुसार विवाह गर्न हुने नाता सम्बन्धमा बाहेक हाडनाता करणीमा सजायँ हुने नातामा विवाह गरिएमा त्यसलाई हाडनातामा हुने विवाह भनिन्छ । हाडनातामा विवाह गर्न गराउन हुँदैन ।

**हाडनातामा विवाह भएमा :** थाहा पाएर वा नपाई जुनसुकै तवरबाट भएर पनि हाडनातामा विवाह भएको रहेछ भने यस्तो विवाह स्वतः वदर हुन्छ ।


**सजायँ :** हाडनाताको विवाह जानीजानी भएको रहेछ भने त्यस्तो विवाह गर्नेलाई हाडनाता करणीको कसूर गरेको मानिन्छ र गराउनेलाई ३ महिनासम्म कैद वा ३ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुनेछ ।

## महिलाले कानुनी सुरक्षाको निमित्त साथमा सुरक्षित साथ राख्नुपर्ने कागजातहरू

नागरिकता
जन्म दर्ता
मृत्युदर्ता (आफन्तको)
विवाहदर्ता,
सम्बन्ध विच्छेद दर्ता
बसाईं सराई दर्ता
नाता प्रमाणित
लालपुर्जा
बैंक खाताको विवरण
सामाजिक सुरक्षा कार्ड
वृद्धभत्ता कार्ड
अपांगता सम्बन्धी कार्ड
शैक्षिक योग्यताका प्रमाण-पत्रहरू
भूकम्प प्रभावितको कार्ड
एकल महिला भत्ता कार्ड
रूपैया पैसा
आवश्यक सम्पर्क नं. आदि

राष्ट्रिय महिला NWC आयोग-२०५८
State and Peacebuilding Fund
THE WORLD BANK
care
LACC
कानूनी सहयोग तथा परामर्श केन्

# मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐनका विवाह सम्बन्धी व्यवस्थाहरू




राष्ट्रिय महिला NWC आयोग-२०५८